जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २७० २०८१ साल जेठ २१ गते सोमबार (3 June 2024 Monday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।


यस अंक भित्र : २ पृष्ठमा : औद्योगिक राजधानी घोषणामा.. ३ पृष्ठमा : तराईमा खानेपानीको स्रोत जोगाउन ३ पृष्ठमा : मतदानमा खटिएका ३३ ...


## ट्याक्टर दुर्घटनामा तीन जनाको मृत्यु, २० जना घाइते



**दैनिक समाचारदाता**
**राजविराज, २० जेठ ।**

सप्तरीको छुट्टाछुट्टै स्थानमा भएको ट्याक्टर दुर्घटनामा परी तीन जनाको ज्यान गएको छ भने २० जना घाइते भएका छन् ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका २ स्थित भारदह-कुनौली सडक खण्डमा आइतबार दिउँसो ट्याक्टर दुर्घटना हुँदा ट्याक्टर चालकको मृत्यु भएको छ ।

स.१त.३३०५ नम्बरको ट्याक्टर दुर्घटना हुँदा चालक सोही नगरपालिका १ भारदह निवासी २५ वर्षिय आनन्द कुमार मण्डलको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार माटो बोकेर आफै ट्याक्टर चलाएर आइरहेको बेला सकरदही नजिकैको पुलमा ठोक्किएर दुर्घटना भएको हो ।

यस्तै जिल्लाको कंचनरुप नगरपालिका ३ सुब्बा टोलमा शनिबार राती ट्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने २० जना घाइते भएका छन् । जसमध्ये एकको अवस्था गम्भिर छ ।

आँप बोकेर जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिका जण्डौलबाट कंचनपुरतर्फ जाँदै गरेको स.१त. ६२९५ नम्बरको ट्याक्टर राती ८ बजे पल्टिएर दुर्घटना भएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ । तिब्र गतिमा रहेको ट्याक्टर सडकबाट करिब १० फिट तल खेतमा खसेको थियो ।

दुर्घटनामा परी कंचनरुप नगरपालिका ७ का २१ वर्षिय शुशिल राम र सिरहाको लहान नगरपालिका १९ का ३२ वर्षिय मो. इरसादको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता ढुण्डिराज नेउपानेले बताए ।

दुर्घटनामा गम्भिर घाइते भएका कंचनरुप नगरपालिका ७ का २४ वर्षिय दिनेश सरदारको बिराटनगर तथा अन्य घाइतेको स्थानीय धर्मेश्वर अस्पतालमा उपचार भइरहेको छ ।

थिचिएको अवस्थामा ट्याक्टरमा सवार घाइतेहरुको उद्दार गरी अस्पताल पुऱ्याइएको प्रहरीको भनाई छ । घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सिटिजन्स बैंकद्वारा अग्निपीडित परिवारलाई राहत प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, २० जेठ ।**

सप्तरीको महादेवा गाउँपालिका १ चिम्टि टोलका अग्निपीडित परिवारलाई सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड शाखा कार्यालय राजविराजले राहत बितरण गरेको छ ।

आफ्नो सामाजिक


*बाँकी अन्तिम पृष्ठमा*


## सबलद्वारा आगलागिमा क्षति भएका शौचालय तथा ट्युवेलहरुको पुर्ननिर्माण सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २० जेठ ।**

सप्तरीको महादेवा गाॅउपालिका १ चिम्टीका अग्निपीडित परिवारहरुको आगलागिमा क्षति भएका शौचालय तथा ट्युवेलहरुको पुर्ननिर्माण गरिएको छ ।

राजविराजस्थित सबल नेपाल नामक गैससले युनिसेफ नेपालको सहयोग एवं छाया नेपालको सहकार्यमा आंशिक तथा पुर्णरुपमा क्षति भएको १५ वटा शौचालयहरुको मर्मत तथा पुर्ननिर्माण गरेको हो ।

सो बस्तीमा गत बैशाख १८ गते भिषण आगलागि हुँदा ६८ घरधुरी घरबारबिहीन भएका थिए । जिल्ला विपद् व्यवस्थान समिति, स्थानीय पालिका, वडा तथा गैससहरु सम्मिलित बैठकले शौचालय तथा खोनपानी पुर्ननिर्माणको कार्यमा सबल नेपालले सहयोग गर्ने सहमति भए अनुसार नै सो कार्य सम्पन्न गरिएको सबल नेपालका सिनियर म्यानेजर अशोक साहले जानकारी दिए ।

उनले आगलागिमा क्षति भएका सार्वजनिक शौचालयमा धारा, मोटर एवं हात धुने वेसिन जडान गरी संचालनमा ल्याईएको


*बाँकी अन्तिम पृष्ठमा*


## श्रोत नखुलेको एक करोड एक लाख रुपैयाँसहित अन्सारी पक्राउ



**दैनिक समाचारदाता**
**सुनसरी, २० जेठ ।**

सुनसरीबाट प्रहरीले हुन्डी कारोबारमा प्रयोग गरिएको एक करोड एक लाख रुपैयाँ बरामद गरेको छ ।

शनिबार राती हुन्डिको आशंकामा एक करोड एक लाख नगदसहित सुनसरीको हरिनगर गाउँपालिका ५ बस्ने अन्दाजी ३७ वर्षीय ईसा अन्सारीलाई प्रहरीले पक्राउ गरेको हो ।

सशस्त्र प्रहरीका डिएसपी एवम् सहप्रवक्ता शैलेन्द्र थापाले सुनसरीको हरिनगर गाउँपालिका ५ दुर्गा मन्दिरस्थित सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बसन्तपुरको चेकप्वाईन्ट टोलीले घुस्की नाकाबाट हरिनगरतर्फ जाँदै गरेको बा.१६च.७६१३ नम्बरको कारलाई शंका लागि चेकजाँच गर्दा कारभित्र बोरामा लुकाइछिपाइ राखेको सो रकम बरामद भएको हो ।

बरामद भएको रकममा एक हजार दरको नोट नौ हजार सात सय थान (९७ लाख) र पाँच सय दरको आठ सय थान (४ लाख) रहेको छ ।

रकमसँगै कार र चालक अन्सारीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रारम्भिक सोधपुछमा अन्सारीले सो रकमको स्रोत खुलाउन नसकेकाले नगद रकम, कार र चालकलाई आवश्यक अनुसन्धान तथा कारबाहिका लागि रजास्व अनुसन्धान कार्यालय इटहरीमा बुझाइएको छ ।


संक्रामक रोगबाट बचौं र बचाऔं ।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

त्यसैले

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अग्निपीडितसँग गरिएको प्रतिबद्धता कहिले पुरा हुने !

सप्तरीको महादेवा गाउँपालिका १ चिम्टिका अग्निपिडितहरुलाई प्रदेश सरकारले घर बनाउने गरेको प्रतिबद्धता अझै पुरा हुन सकेको छैन् । गत बैशाख १८ गते भिषण आगलागि हुँदा त्यहा ६८ घर जलेर नष्ट भएको थियो । जसकारण उनीहरु घरबारविहीन अवस्था अझै रहेका छन् । प्रदेशका मुख्यमन्त्री आफै स्थलगत निरिक्षण गरेर सबै अग्निपिडितलाई प्रदेश सरकारले नै घर बनाइदिने प्रतिबद्धता जनाएका थिए । प्रतिबद्धता जनाएको एक महिना बढी समय भइसक्यो तर घर निर्माणको कुनै सुरसार छैन् ।

प्रदेश सरकारले यसरी जनतासामु आफैले गरेको प्रतिबद्धता एउटा चुनावी प्रतिबद्धता जस्तै भएको छ । विगत एक महिनादेखी पीडितहरु जसोतसो गरेर हावाहुरी, चर्को घाम तथा वर्षाको समयमा दिन काट्न बाध्य छन् । विभिन्न संघसंस्थाले उनीहरुका लागि खाद्यान्न, विभिन्न घरासयी सामान, त्रिपाल लगायतका बस्तु जोहो गरेकै कारण अहिले उनीहरु थोरै भएपनि बस्ने लायकको स्थान बनाएका छन् । यस्तै खानपानी तथा शौचालय समेत एक गैससले मर्मत सम्भार गरेर सामाजिक उत्तरदायित्व बहन गरेको छ । अहिले पनि उनीहरुको सहयोगका लागि सहयोगि हातहरु बढ्दै गएका छन् । उनीहरु त्रिपाल र बासको मद्दतले अस्थायी रुपमा घर निर्माण गरेर जसोतसो गुजारा चलाइरहेका छन् ।

प्रदेशका मुख्यमन्त्री आफैले गरेको प्रतिबद्धता कार्यान्वयन नहुनाले जनता सरकारबिहीन भएका छन् । यता स्थानीय पालिका समेतले घर निर्माणका लागि कुनै पहल गरेको देखिदैन । तसर्थ प्रदेश सरकारले उनीहरुसमक्ष गरेको प्रतिबद्धता पुरा गरेर जनतासमक्ष आफ्नो उपस्थिति रहेको महसुस गराउन आवश्यक छ । अनिमात्र जनताले सरकारको अनुभुती महसुस गर्न सक्छन् । होइन भने यो पनि एउटा परम्परागत राजनीतिक स्टन्ट मात्र हो भन्ने बुझ्ने कुरामा दुईमत नहोला ।

# औद्योगिक राजधानी घोषणामा विलम्ब

**हिमाल लम्साल**
वीरगञ्ज (पर्सा), २० जेठ (राससं) ।

वीरगञ्ज आसपासको क्षेत्र ९० वर्षभन्दा लामो व्यापारिक तथा औद्योगिक विरासत बोकेको क्षेत्र भएकाले २०औं वर्षदेखि औद्योगिक क्षेत्र घोषणा गर्न माग हुँदै आएको छ । यहाँका उद्योगी र व्यवसायीको एकल प्रयासले मात्रै औद्योगिक नगरीको उपमा पाएको वीरगञ्जलाई औद्योगिक राजधानीका रूपमा विकास गर्न सकिएमा मुलुकको औद्योगिक विकासमा नयाँ आयाम थपिने विश्वास गरिएको छ ।

यहाँका सबैजसो उद्योग/कलकारखाना उद्योगीको व्यक्तिगत जग्गामा सञ्चालन हुँदै आइरहेको छ व्यवसायीहरूको भनाइ छ । काठमाडौं, ललितपुर, पोखरालगायतका क्षेत्रमा राज्यले नै ठाउँ उपलब्ध गराएर औद्योगिक क्षेत्रका रूपमा विकास गरिएको छ । तर, यहाँ भने उद्योगीकै सक्रियतामा विकास सम्भव भएको वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष तथा उद्योगी हरि गौतम बताउनुहुन्छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका पूर्वसचिव पुरुषोत्तम ओझा सरकारले पर्सा र बारा क्षेत्रलाई समेटेर औद्योगिक राजधानी घोषणा गरेर औद्योगिक लगानीमैत्री वातावरण बनाउँदा राम्रो हुने बताउनुहुन्छ । "औद्योगिक राजधानी घोषणा गर्ने विषय राजनीतिक विषय भए पनि यस क्षेत्रलाई औद्योगिक राजधानी घोषणा गर्न कुनै समस्या छैन", उहाँले भन्नुभयो, "सरकारले औद्योगिक राजधानी घोषणा गरेर मात्रै पुग्दैन । औद्योगिक राजधानी घोषणा गरेपछि उद्योगधन्दा फस्टाउने खालको वातावरण भने तयार परिदिनुपर्ने हुन्छ ।"

वरिष्ठ उपाध्यक्ष गौतम आफैँले १५ वर्षदेखि वीरगञ्ज महानगरपालिकास्थित गण्डक क्षेत्रमा रु १५ करोड पुँजी भएको 'प्रेष्टिज फुटवेयर इन्डष्ट्रिज' सञ्चालन गर्दै आइरहनुभएको छ । उहाँको उद्योगमा प्रत्यक्ष रूपमा एक सयभन्दा धेरैले रोजगारी समेत पाएका छन् । तर उहाँले अझ पनि ढुक्क र सुरक्षित वातावरणमा उद्योगलाई अघि बढाउन नपाइरहेको उहाँ गुनासो गर्नुहुन्छ । "१५ वर्ष भइसक्यो उद्योग सञ्चालनमा ल्याएको । अझै पनि ढुक्क भएर उद्योग/व्यवसाय गर्न पाइरहेका छैनौं", उहाँले भन्नुभयो, "कहिले स्थानीय टोले गुन्डाहरूले दुःख दिन्छन् त कहिले स्थानीय सरकारले विभिन्न शीर्षकको करको नाममा हैरानी पार्ने काम गरिरहेको छ ।"

"पर्सा र बारा क्षेत्रका उद्योगी व्यवसायीले औद्योगिक राजधानी नभएकाले पनि धेरै खालका चुनौतीको सामना गर्नु परेको छ", उहाँले भन्नुभयो, "सरकारले पर्सा र बारा जिल्लालाई समेटेर औद्योगिक राजधानी घोषणा गरेको खण्डमा उद्योगधन्दाले अहिले देखिएका चुनौती तथा समस्यासँग जुध्नका लागि खासै समस्या हुँदैन्थ्यो । यहाँका उद्योगी तथा व्यवसायीले आफ्नो उद्योग विस्तार गर्न पनि पाउथे ।"

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले पर्सालाई औद्योगिक राजधानीका रूपमा घोषणा गर्नुपर्ने बताउनुहुन्छ । "वीरगञ्जले मुलुकको राजस्वमा झण्डै एक तिहाइभन्दा ठूलो हिस्सा ओगट्दै आइरहेको छ", उहाँले भन्नुभयो, "वीरगञ्जलाई नयाँ औद्योगिक राजधानी घोषणा गरेर नयाँ उद्योग कलकारखाना स्थापना गर्नका लागि जग्गा जमिनको आवश्यक भए पनि सोको व्यवस्थापन गर्न महानगर तयार छ ।" महानगरका अनुसार वीरगञ्जलाई औद्योगिक राजधानी घोषणा गर्नका लागि थप औद्योगिक क्षेत्रको विस्तार गर्नका लागि महानगरको वडा नं २७, २९ र ३१ मा रहेको जग्गामा पूर्वाधार निर्माण गर्न पनि सकिन्छ ।

अघोषितरूपमा वीरगञ्जलाई मुलुकको औद्योगिक सहर तथा आर्थिक नगरी भने पनि वीरगञ्जबासीले त्यसको प्रत्यक्ष अनुभूति गर्न पाएका छैनन् । वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा संविधानसभाका सांसद ओमप्रकाश शर्मा पनि पर्सा र बारा क्षेत्रलाई औद्योगिक राजधानीको रूपमा विकास गर्नुपर्ने बताउनुहुन्छ । अहिले पर्सा र बारा क्षेत्रमा अव्यवस्थित र छरिएर व्यक्तिगत जग्गामा सञ्चालित उद्योगलाई औद्योगिक राजधानी घोषणा गरेर निश्चित क्षेत्रमा व्यवस्थापन र सञ्चालन गर्न सक्ने हो भने एकातर्फ नयाँ लगानीको स्रोतसहितको उद्योग स्थापना हुन्छ । उहाँले गण्डकी प्रदेशलाई पर्यटकीय राजधानीका रूपमा घोषणा गरे जस्तै यस क्षेत्रलाई पनि अब औद्योगिक राजधानी घोषणा गर्न ढिलासुस्ती गर्नु नहुने बताउनुभयो ।

वीरगञ्ज क्षेत्रका उद्योगी/व्यवसायी तथा राजनीतिज्ञले मधेस प्रदेशको राजधानी वीरगञ्ज हुनुपर्ने माग गर्दै आइरहेका थिए । २०७८ माघ ३ गते बसेको मधेस प्रदेशसभा बैठकले प्रदेशको नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम राख्ने प्रस्ताव पारित गरेको थियो ।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेश अध्यक्ष अशोककुमार टेमानी वीरगञ्जलाई मधेस प्रदेशको राजधानी नबनाइए पनि औद्योगिक राजधानी बनाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "पर्सा र बारा औद्योगिक नगरका रूपमा परिचित नै छन् । अब यी जिल्लालाई औद्योगिक राजधानी घोषणा गरेर अघि बढेको खण्डमा यस क्षेत्रले विकासको काँचुली फेर्ने थियो", अध्यक्ष टेमानीले, "आर्थिक राजधानी घोषणा भएसँगै मुलुकको आर्थिक गतिविधि बढेर समग्रमा राज्यकै राजस्व बढ्ने हो ।"

सङ्घका वरिष्ठ उपाध्यक्ष गौतम काठमाडौँ-तराई-मधेस द्रुतमार्गको निजगढको अन्तिम बिन्दुको ३०-३० किलोमिटर वरपरको क्षेत्रफललाई समेटेर औद्योगिक राजधानी बनाउन सकिने धारणा व्यक्त गर्नुहुन्छ । "बाराको सिमरा क्षेत्रमा अझै पनि तीन सय ३८ बिघा क्षेत्रफलको जग्गा टिप्पणी उठेर भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पुगिसकेको छ", उहाँले भन्नुभयो, "सो जग्गा पाएको खण्डमा औद्योगिक राजधानी बनाउनका लागि पर्याप्त ठाउँ पुग्नेछ ।"

अन्तराष्ट्रिय निकासी तथा पैठारीमा विश्वका धेरै देशसँग जोडिएकाले वीरगञ्ज उपयुक्त ठाउँ हुन सक्छ । त्यति मात्र होइन, यहाँको सुविधासम्पन्न एकीकृत जाँचचौकी, भारतसँग रेल्वे जोडिएको सिर्सियास्थित सुक्खा बन्दरगाहलगायतका पूर्वाधारले पनि औद्योगिक राजधानीका लागि आधार तयार गरेको छ ।

सङ्घीय राजधानी काठमाडौँदेखि स्थलमार्गको सबैभन्दा छोटो दूरीको अन्तर्राष्ट्रिय नाका भनेको नै वीरगञ्ज हो । काठमाडौँ-तराई-मधेस द्रुतमार्ग बनिसकेपछि बारा-पर्साको औद्योगिक क्षेत्रबाट कम्तीमा एक सय किलोमिटर दूरी औसतमा डेढ घण्टाभित्रै पुग्न सकिन्छ । अर्कोतर्फ प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल पनि यसै क्षेत्रमा पर्छ । यो विमानस्थल बनेसँगै विदेशी मुलुकमा नेपाल उत्पादन निर्यात गर्ने ढोका पनि खुल्नेछ । पर्सा र बारा जिल्ला नेपालको मध्यभागमा पर्छ ।

पर्सा र बारामा ठूला खालका उद्योगधन्दा यति नै छन् भन्ने खालको एकिन तथ्याङ्क नभए पनि आठ सयदेखि १२ सयको हाराहारीमा रहेको अनुमान गरिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार पर्सा जिल्लामा औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको सङ्ख्या भने एक हजार छ सय ४६ रहेको छ । त्यस्तै कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको सङ्ख्या एक सय २६ रहेको छ । बारामा पनि औद्योगिक उत्पादन गर्ने प्रतिष्ठानको सङ्ख्या एक हजार दुई २५ रहेको छ । त्यस्तै कृषि, वन तथा माछापालन व्यवसाय दर्ता भएका प्रतिष्ठानको सङ्ख्या भने एक सय ५२ रहेको छ ।

**यस्ता पूर्वाधार चाहिन्छ**

औद्योगिक राजधानी घोषणा गरिसकेपछि औद्योगिक परिसरसम्म पुग्नेछ । लेनको सुविधासम्पन्न सडक चाहिने गर्छ । अहिले नै बारा र पर्सा जिल्लाको औद्योगिक क्षेत्रमा चार लेनका सडक लगभग तयार भइसकेको छ । "२४सै घण्टा उपलब्ध हुने गुणस्तरीय र भरपर्दो खालको विद्युत् आपूर्तिको सुनिश्चित हुन आवश्यक छ", सङ्घका वरिष्ठ उपाध्यक्ष गौतमले भन्नुभयो । औद्योगिक राजधानीको लागि शुद्धीकरण प्लान्टसहितको सुविधासम्पन्न ढल निकासको व्यवस्था पनि सरकार र निजी क्षेत्रको साझेदारी अघि बढाउन सकिने छ । उहाँले भन्नुभयो, "सरकारले औद्योगिक वातावरण सिर्जना गरिदिने हो भने उद्योग स्थापनाका लागि धेरै लगानीकर्ता उत्सुक नै छन् ।"

"अन्तर्राष्ट्रियस्तरको भन्सारका चेकपोष्टको व्यवस्थासँगै सो क्षेत्रबाट कम्तीमा पनि पाँच सयदेखि एक हजार मिटरसम्मको दूरीमा बस्ती बसाल्न नपाइने नियमलाई भने कडाइका साथ लागू गर्नुपर्ने हुन्छ", वरिष्ठ उपाध्यक्ष गौतमले भन्नुभयो, "औद्योगिक क्षेत्र बसेसँगै स्थानीय बस्ती बस्ने चलन ह्वात्तै बढ्छ । बस्ती बसेसँगै उद्योगले प्रदूषण गर्‍यौं भन्दै फेरि द्वन्द्व सुरु हुन्छ । त्यसैले बस्ती र औद्योगिक क्षेत्रबीच दूरी कायम भने गर्नैपर्छ ।"

**कतिपय पूर्वाधार तयार**

वीरगञ्जको सिर्सियास्थित सुख्खा बन्दरगाह ५७ विघा क्षेत्रफलमा अवस्थित छ । यो यस्तो खालको बन्दरगाह हो-जहाँ कार्गो रेलबाट मात्रै मालसमान ल्याउने गरिन्छ । यो सन् २००० विश्व बैंकको ऋण सहयोगमा रु ८२ करोड लागतमा निर्माण गरिएको हो । भारत सरकारको २० करोड लागतमा रक्सौलदेखि बन्दरगाहसम्म रेल लिंक निर्माण गरिएको हो । अहिले सुख्खा बन्दरगाहको व्यवस्थापनको काम भने इन्टरमोडल यातायात विकास समितिमार्फत हुँदै आइरहेको छ । नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिष्टिन भ्याली ड्राइपोर्टबीच पाँच वर्षको लागि तीन अर्ब ३३ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको छ । प्रिष्टिनले सुख्खा बन्दरगाह सञ्चालन र व्यवस्थापन गरेबापत औषतमा वार्षिक ६६ करोड रुपैयाँ समितिलाई उपलब्ध गराउने गर्छ ।

सुख्खा बन्दरगाह कार्यालयले गत आर्थिक वर्षमा मात्रै रु ४२ अर्ब ४० करोड रकम राजस्व सङ्कलन गरेको थियो । यो वर्षको १० महिनामा पनि रु४० अर्ब तीन करोड राजस्व सङ्कलन गरिसकेको छ । अर्कोतर्फ वीरगञ्जमै सुविधासम्पन्न एकीकृत जाँचचौकी पनि निजी क्षेत्रले सञ्चालन गर्दै आइरहेको छ । यो एकीकृत जाँचचौकी ११५ विघा क्षेत्रफलमा फैलिएको छ ।

सो जाँचचौकी पाँच वर्षका लागि टिआरएस हिमालयन लोजी पार्क प्रालिले सञ्चालन तथा व्यवस्थापन गरेवापत कम्पनीले समितिलाई पाँच वर्षको रु एक अर्ब ८० करोड ९० लाख एक हजार दुई पट्टाबहाल रकम बुझाउनेछ । यो जाँचचौकी पनि ठूलो क्षेत्रफलमा फैलिएको छ । वीरगञ्ज भन्सार कार्यालयले चालु आवको चैत मसान्तसम्मको अवधिमा रु एक खर्ब १४ अर्ब १६ करोड राजस्व सङ्कलन गरेको छ । गत आवमा भने एक खर्ब ५७ अर्ब १५ करोड राजस्व सङ्कलन गर्‍यो ।

**आयात निर्यातमा योगदान**

भन्सार विभागको तथ्याङ्कअनुसार आव २०७९/८० मा नेपालमा १६ खर्ब ११ अर्ब ७३ करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएको थियो । जसमा वीरगञ्ज भन्सार कार्यालय हुँदै आर्थिक वर्ष २०७९/८० मा रु पाँच खर्ब ९३ अर्ब ३९ करोड १७ लाख २० हजार वस्तु तथा सामान आयात भएको थियो । कुल आयातमध्ये वीरगञ्ज भन्सार कार्यालयको हिस्सा मात्रै ३६ दशमलव ८२ प्रतिशत हिस्सा आयात हुने गर्छ ।

आवमा नेपालबाट एक खर्ब ५७ अर्ब १४ करोड मूल्यपर्ने वस्तु निर्यात भएको थियो । आयात मात्रै होइन, निर्यातमा पनि वीरगञ्ज भन्सार कार्यालयको भूमिका उल्लेखनीय नै देखिन्छ । गत आवमा निर्यातमा वीरगञ्ज भन्सारको २३ दशमलव ३४ अर्थात् ३६ अर्ब ६७ करोड मूल्य बराबरको वस्तु निर्यात भयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तराईमा खानेपानीको स्रोत जोगाउन चुरे संरक्षणमा जोड

काठमाडौँ, २० जेठ (रासस)।

प्रतिनिधिसभा सदस्यहरूले चुरे क्षेत्रको विनाशका कारण खानेपानीको मुहान सुक्दै गएकाले तराईवासीले खानेपानीको चरम अभाव सामना गरिरहेका भन्दै समयमा नै चुरे जोगाउनुपर्नेमा जोड दिनुभएको छ।

आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल गर्न आइतबार बसेको बैठकमा सांसदहरूले तराईको खानेपानीसम्बन्धी समस्या दीर्घकालीनरूपमा समाधान गर्न चुरे बचाउनुपर्नेमा जोड दिनुभएको हो।

सांसद रामप्रकाश चौधरीले चुरे संरक्षण गरेर यस क्षेत्रका जनतालाई खानेपानीको समस्याबाट मुक्त गराउनुपर्नेमा जोड दिनुभयो। "'चुरे बचाऊ र पानी देऊ' भनेर २५ दिन पैदल हिँडेर तराईका महिला तथा पुरुष माइतीघर आउनुभएको छ, पानीको माग राखेर धर्नामा बस्नुभएको छ", उहाँले भन्नुभयो, "यस विषयमा सरकारको ध्यान आकर्षण भएको छैन।" धर्नामा बसेका मानिसको अवस्था दयनीय हुँदै गइरहेको भन्दै सरकारले गम्भीर भएर समस्या समाधान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

सांसद मनिष झाले चुरे दोहनका कारण तराईमा पानीको स्रोत सुक्दै गइरहेको भन्दै समयमा नै सचेत रहनका लागि ध्यानाकर्षण गर्नुभयो। "चुरे दोहनका कारण मधेसमा पानीको स्रोत जमिनमुनि गएको छ र पानीको समस्या बढिरहेको छ", उहाँले भन्नुभयो, "संसदीय समिति बनाउने वा नबनाउने भन्ने विषयमा संसद् अवरुद्ध हुँदा जनतामा समस्या सम्बोधन हुन पाएनन्।"

सांसद डा वीरेन्द्रप्रसाद महतोले मधेसमा पानीको हाहाकार बढेको र यसमा सरकारको ध्यानाकर्षण नभएको भन्दै आपत्ति जनाउनुभयो। "शिक्षामा अर्बौं रकम लगानी गरी युवा विदेश गएका छन्। स्वदेशमा विद्यार्थी नपाएर शिक्षक कटौती भएको छ", उहाँले भन्नुभयो, "तराईमा मिटरब्याजीको समस्या अझै समाधान छैन। यस्ता समसामयिक विषयमा सरकारको ध्यान जान जरुरी छ।"

सांसद दामोदर पौडेल वैरागीले आगामी आर्थिक वर्षका लागि विनियोजित बजेटमा ठूला भौतिक पूर्वाधार क्षेत्रका बजेट कटौती भएको भन्दै यसले आयोजना निर्माण पछाडि धकेलिएको बताउनुभयो। उहाँले संसद् अवरुद्ध हुँदा आगलागीका भयाबह अवस्था, वन डढेलो, मावन-वन्यजन्तु द्वन्द्वका विषय छायाँमा परेको भन्दै आपत्ति जनाउनुभयो।

"संसद् अवरुद्ध भएका कारण आगामी आवका लागि तय भएको सरकारको नीति तथा कार्यक्रम माथि देखिएका कमीकमजोरीका विषयमा छलफल हुन पाएन", सांसद पौडेलले भन्नुभयो, "छलफल नहुँदा यो विषयमा हामी गम्भीर हुन सकेनौं।"

सांसद ज्ञानेन्द्र शाहीले क्रिकेट खोलाडीलाई अमेरिकाले भिसा नदिएका विषयमा सरकार गम्भीर नभएको आरोप लगाउनुभयो। सांसद शेरबहादुर कुँवरले दुर्गम जिल्लाका स्वास्थ्य संस्थामा राज्यको लगानी बढ्नुपर्नेमा जोड दिनुभयो।

सांसद रेखा यादवले आगामी आवका लागि विनियोजन गरिएको बजेटमा विपन्न वर्ग, बालिबालिका, महिला तथा वृद्धलाई प्राथमिकता दिन नसकेको बताउनुभयो। "विपन्न परिवारका विद्यार्थीलाई आवासीय विद्यालय बनाउन सकिएको छैन। दलित तथा विपन्न वर्गका लागि आवासीय विद्यालय बनाइयोस्", उहाँले भन्नुभयो।

सांसद गङ्गाराम चौधरीले आगामी आवका लागि विनियोजन भएको बजेटमा कृषि क्षेत्रलाई प्राथमिकता दिन नसकिएको भन्दै आपत्ति जनाउनुभयो। "हाम्रा रैथाने बाली संरक्षण गर्नसकेमा पनि कृषि उत्पादन वृद्धिमा योगदान पुग्नसक्छ", उहाँले भन्नुभयो, "सरकारले अन्न तरकारी तथा फलफूलमा अनुदान र कृषिलाई प्राथमिकता दिन आवश्यक छ। यसका लागि कृषि पकेट क्षेत्र घोषणा गर्नुपर्छ।" उहाँले किसानका लागि 'किसान कार्ड'को नीति ल्याएर वास्तविक किसानमा अनुदान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

सांसद प्रेम सुवालले जमिनमुनिको पानी तान्दा काठमाडौँ भासिने खतरा बढिरहेको भन्दै समयमा नै सचेत हुनुपर्नेमा जोड दिनुभयो। "जलवायु परिवर्तनका कारण दुई डिग्री सेल्सियस तापक्रम बढ्ने अवस्था आएको, किसान खडेरीको मारमा परेका छन्। जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा असर पुऱ्याउने भएकाले हिमाल जोगाउन सबै लाग्नुपर्नेछ", उहाँले प्रश्न गर्नुभयो, "यसबारे सरकारको ध्यान कहिले जाने ?"

सांसद चित्रबहादुर केसीले सहकारीको रकम हिनामिना गर्नेलाई राज्यले संरक्षण गर्न नहुने बताउनुभयो। सांसद प्रभु साहले वैदेशिक रोजगारीमा जानेमाथि ठगी भइरहेको भन्दै उनीहरूलाई न्याय दिलाउनुपर्नेमा जोड दिनुभयो।

सांसद अमृता अग्रहरिले सरकारले नीहित स्वार्थ छाडेर जनताका हितमा काम गर्न सुझाव दिनुभयो। "बजेट जनतामुखी हुनु आवश्यक छ। जहाँ बढी जनसङ्ख्या छ त्यहाँ बढी विनियोजन हुनुपर्छ", उहाँले भन्नुभयो। सांसद सूर्यकुमारी श्रेष्ठले महिला बालिबालिका मन्त्रालय र कृषि मन्त्रालयको बजेट सिलिङ कम भएको भन्दै आपत्ति जनाउनुभयो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### मतदानमा खटिएका ३३ कर्मचारीको मृत्यु

लखनऊ, भारत, २० जेठ (रासस/एएफपी)।

देशभर बढीरहेको गर्मीका बीच भारतमा निर्वाचनको अन्तिम दिन एकै राज्यका कम्तिमा ३३ जना मतदान स्थलमा खटिएका कर्मचारीहरुको हृदयघातका कारण मृत्यु भएको एक शिर्ष निर्वाचन अधिकारीले आइतबार बताउनुभएको छ।

भारतको विभिन्न ठाउँमा ४५ डिग्री सेल्सियसभन्दा माथिको तापक्रमका कारण धेरै जनाको मृत्यु भएको खबर आइरहेको छ। एक दिनमा दर्जनौं कर्मचारीहरूको मृत्यको यो खबर दुखको विषय हो भारतीय मौसम विज्ञान विभाग (आईएमडी) का अनुसार उत्तर प्रदेशको झाँसीमा तापक्रम ४६.९ डिग्री सेल्सियस पुगेको छ।

सातौँ तथा अन्तिम चरणको मतदान शनिबार समाप्त भएको उत्तर प्रदेशका प्रमुख निर्वाचन अधिकारी नवदीप रिन्वाले गर्मीका कारण ३३ जना मतदानकर्मीको मृत्यु भएको बताउनुभयो। तथ्याङ्कमा सुरक्षा गार्ड र सरसफाइ कर्मचारीहरू समावेश रहेका थिए।"मृतकको परिवारलाई पन्ध्र लाख भारतीय रुपैँया (अठार हजार अमेरिकी डलर) को आर्थिक क्षतिपूर्ति प्रदान गरिनेछ", रिन्वाले पत्रकारहरूलाई बताउनुभयो।

जब कुनै व्यक्ति डिहाइड्रेटेड हुन्छ, अत्यधिक गर्मीका कारण रगत जम्ने र अङ्गहरुले काम गर्न छोड्ने भई मानिसहरुको मृत्यु हुने विशेषज्ञहरु बताउँछन्। "बालिया सहरमा मतदान गर्न लाइनमा पर्खिरहेका एक मतदाता मतदानस्थलमा नै बेहोस भए। मतदातालाई स्वास्थ्य केन्द्रमा लगिएको थियो जहाँ आइपुग्दा उहाँलाई मृत घोषित गरियो", रिन्वाले छुट्टै घटनाबारे जानकारी गराउदै भन्नुभयो।

बढ्दो तापक्रमसँग भारत अपरिचित छैन। तर जलवायु परिवर्तनले तातो छालहरू लामो, अधिक बारम्बार र तीव्र हुँदै गइरहेको वर्षौंको वैज्ञानिक अनुसन्धानले पत्ता लगाएको छ।

### इन्डोनेसियामा ज्वालामुखी विस्फोट

जकार्ता, २० जेठ (रासस/एएफपी)।

पूर्वी इन्डोनेसियामा आइतबार ज्वालामुखी विस्फोट भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। विस्फोटपछि सात किलोमिटर माथि आकाशमा खरानीले बादलजस्तै ढाकेको सामाजिक सञ्जाल र स्थानीय सञ्चारमाध्यमद्वारा सार्वजनिक तस्वीर तथा भिडियोमा देख्न सकिन्छ। यो ज्वालामुखीबाट यस वर्षको सुरुदेखि अहिलेसम्म भएका करिब १०० वटा विस्फोटको पछिल्लो घटना हो।

उत्तरी मालुकु प्रान्तको हलमहेरा टापुमा रहेको माउन्ट इबुमा स्थानीय समयअनुसार दिउँसो १२:४५ बजे विस्फोट हुँदा खरानीको बाक्लो बादल हावाले धेरै माथि र टाढासम्म पुगेको भूगर्भ विभागका प्रमुख मोहम्मद वाफिदले बताउनुभयो। मे महिनाको मध्यदेखि देशको उच्च सतर्कता तहमा रहेको ज्वालामुखीबाट निस्केको विस्फोट ६ मिनेट १३ सेकेन्डसम्म चलेको उहाँले बताउनुभयो।

राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सी (बीएनपीबी) का प्रवक्ता अब्दुल मुहारीले आइतबार एक विज्ञप्ति जारी गर्दै ज्वालामुखीको निगरानी केन्द्र र त्यसको छेउमा रहेको उद्धार गृहतर्फ हावाले खरानी पुऱ्याएको तर उद्धार गरिएका व्यक्तिमा कुनै त्रास नरहेको उहाँले बताउनुभएको छ।

"मानिसहरूलाई बाहिरी गतिविधिबाट जोगिन र घरभित्र आश्रय लिन सल्लाह दिइएको छ भने बालुवा मिसिएको खरानी अझै पनि वर्षा भइरहेको छ," अब्दुलले बताउनुभयो। उहाँले श्वासप्रश्वासमा समस्या आउन नदिन मास्कको प्रयोग गर्न आग्रह गर्नुभयो।

मे १६ मा ज्वालामुखीलाई उच्च सतर्कता तहमा पुऱ्याइएपछि अधिकारीहरूले स्थानीय र पर्यटकहरूलाई ज्वालामुखीको केन्द्र चारदेखि सात किलोमिटर (२.५-४.३ माइल) को बीचमा बहिष्करण क्षेत्रमा प्रवेश नगर्न चेतावनी दिएका थिए।

स्थानीय विपद् न्यूनीकरण निकायको तथ्याङ्कअनुसार अधिकारीहरूले त्यसको केही समयपछि नै त्यहाँका बासिन्दालाई सुरक्षित स्थानमा सार्न सुरु गरेका थिए भने आइतबारसम्म दुई हजार ५०० भन्दा बढी मानिसहरूलाई आश्रयस्थलमा सारिएको थियो।

इबु इन्डोनेसियाको सबैभन्दा सक्रिय ज्वालामुखी स्थलमध्ये एक हो। यहाँ गत वर्ष २१ हजारभन्दा बढी विस्फोट भएका थिए।जियोलोजी एजेन्सीका अनुसार इबुमा सन् २०२३ मा दैनिक औसत ५८ वटा विस्फोट भएका थिए।

इन्डोनेसिया, एक विशाल द्वीपसमूह राष्ट्र, प्रशान्त 'रिंग अफ फायर' रहेको कारण बारम्बार भूकम्पीय र ज्वालामुखी गतिविधिको सामना गर्नुपर्छ। गत महिना उत्तरी सुलावेसी प्रान्तको माउन्ट रुआङमा आधा दर्जनभन्दा बढी पटक विस्फोट हुँदा आसपासका टापुका हजारौं बासिन्दालाई अन्यत्र जान बाध्य बनाएको थियो।

### श्रीलङ्कामा वर्षा जारी, बाढी र डुवानको जोखिम उच्च

कोलम्बो, २० जेठ (रासस/एएफपी)।

श्रीलङ्काको विपद् व्यवस्थापन केन्द्र (डीएमसी) ले राजधानी कोलम्बोको बाहिरी क्षेत्र र टापुका अन्य केही क्षेत्रमा आइतबार भारी वर्षाका कारण ठूलो बाढीको चेतावनी जारी गरेको छ। सिंचाइ विभागका अनुसार आइतबार बिहानैदेखि परेको भारी वर्षाका कारण कोलम्बोको बाहिरी इलाकामा रहेको प्रमुख केलानी नदी र श्रीलङ्काको दक्षिणमा रहेको जिन नदीमा पानीको सतह उच्च तहसम्म पुगेको छ।

डीएमसीले तल्लो क्षेत्रमा बसोबास गर्ने परिवारलाई उच्च स्थानमा जान सल्लाह दिएको जनाएको छ। मौसम विज्ञान विभागले आइतबार जारी गरेको पछिल्लो मौसम चेतावनीमा पश्चिमी र दक्षिणी प्रान्तमा १५० मिलिमिटरभन्दा बढी वर्षाको सम्भावना रहेको र सर्वसाधारणलाई घरभित्रै बस्न चेतावनी दिइएको छ। डीएमसीका अनुसार बाढी प्रभावित क्षेत्रमा खोजी तथा उद्धार कार्य आवश्यक परेमा सतर्क रहन पनि सुरक्षाकर्मीलाई अनुरोध गरिएको छ। थप वर्षाको सम्भावना रहेको भन्दै शिक्षा मन्त्रालयले सोमबार देशभरका सबै सरकारी विद्यालय बन्द हुने जनाएको छ।

# निजि खर्चमा विपन्न वस्तीमा ट्युवेल जडान



**दैनिक समाचारदाता राजविराज, २० जेठ ।**

सप्तरीको रुपनी गाउँपालिका निवासी एक समाजसेवीले आफ्नै खर्चमा सोही गाउँपालिका वडा नं. २ लौआपार वस्तीका विपन्न समुदायलाई खानेपानीका लागी ट्युवेल जडान गराइ दिएका छन् ।

प्रचण्ड गर्मीका वेला खानेपानी समस्या भोगिरहेका करिब ३ सय विपन्न परिवारलाई लक्षित गरी सोही पालिका ६ विरेन्द्र बजार निवासी ४० वर्षिय समाजसेवी रन्जित भगतले आफ्नो निजी खर्चमा ट्युवेल जडान गराइदिएका हुन् ।

सो बस्तीमा ट्युवेल नहुदा खानेपानी र सरसफाई लगायतका काममा निकै समस्या हुने गरेको खबर पाएपछि आफूले सानो सहयोग गरेको राष्ट्रिय युवा संघ नेपाल सप्तरीका उपाध्यक्ष समेत रहेका समाजसेवी भगतले बताए ।

उनले ट्युवेल जडानका सम्पुर्ण खर्चका साथै सो स्थानमा नुहाउन, लुगा र भाडावर्तन धुन सुविधाका लागी स्ल्याब समेत निर्माण गरिदिने प्रतिबद्धता जनाए ।

यस अघि पनि उनले गाउँपालिकाका विपन्न वस्ती, एकल महिला, दलित, गरिब लगायतको घरमै पुगि सहयोग गर्दै आएका छन् ।

## *सबलद्वारा आगलागिमा ...*

बताए । आगलागिमा जलेर नष्ट भएका शौचालयहरुको छाना, ढोका, प्यान तथा अन्य सामाग्रिहरु नयाँ लगाइएको तथा जलेका ट्युवेलहरुको पाइप तथा अन्य सामानहरु नयाँ लगाइ संचालनमा ल्याइएको उनले जानकारी दिए ।

सबलले नेपालका वास डिआरआर फोकल पर्सन परमेश्वर झाले शौचालयको सेफ्टी ट्यांकको सरसफाई तथा रिंङ भएका शौचालयहरुको रिङसमेत सफाई गरिएको तथा ७ वटा हातेकलको मर्मत तथा प्लेटफर्म निर्माण गरिनुका साथै एक वटा स्नान घर र एक/एक वटा महिला पुरुषका लागी छुट्टाछुट्टै अस्थायी शौचालय समेत निर्माण गरिएको बताए ।

# स्रोत नखुलेको ७२ लाखसहित दुईजना पक्राउ

काठमाडौँ, २० जेठ (रासस) ।

नेपाल प्रहरीले स्रोत नखुलेको रु ७२ लाख रकमसहित दुईजनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले काठमाडौँ महानगरपालिका-७ चावहिलस्थित लुम्बिनी खाजा घर तथा गेष्ट हाउसबाट दुवैजनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा भोजपुरको पौवा डुग्मा गाउँपालिका-४ घर भइ हाल न्यूरोड बस्दै आएका ५० वर्षीय भीमसेन विश्वकर्मा र सोही स्थानका २९ वर्षीय खेमराज विश्वकर्मा रहेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिनुभयो ।

# सप्तरी प्रिमियर लिगमा छिन्नमस्ता र कंचनरुप बिजयी



**दैनिक समाचारदाता राजविराज, २० जेठ ।**

राजबिराजमा संचालित सप्तरी प्रिमियर लिग छैठो सिजन मेयर कपको तेस्रो दिनको पहिलो खेलमा छिन्नमस्ता लायन्स र दोश्रो खेलमा कंचनरुप बिजयी भएको छ ।

आईतवार सम्पन्न पहिलो खेलमा छिन्नमस्ता लायन्सले राजबिराज राजदेबी ११ लाई ६ बिकेटले पराजित गरेको हो । राजदेबीले दिएको ६८ झिनो लक्ष्य पछ्याउने क्रममा छिन्नमस्ता लायन्सले ६ बिकेट गुमाएर उक्त लक्ष्य भेटाएको हो ।

टस जितेर राजबिराजले १६ ओभर ३ बलमा १० बिकेट गुमाएर ६८ रन मात्र बनाउन सकेको थिए । जसमा बिजय यादब १६, दिलिपनाथ १४ र श्रवण यादबले १० रन जोडेका थिए । बलिङतर्फ छिन्नमस्ताका गुणानन्द राय ३ बिकेट र विशाल पटेल, भिम सार्की, मोहम्मद सोहिलले समान्य २/२ बिकेट लिएका थिए ।

प्रतिउत्तरमा छिन्नमस्ता लायन्सले ९ ओभर ५ बलमा ४ बिकेट गुमाएर बिजयी लक्ष्य प्राप्त गरेको थियो । जसमा उत्कृष्ट ब्याटिंग गर्दै मयन यादबले ४२ रन बनाउदै अबिजित खेलेका थिए भने सुमित नेवारले ११ रन जोडेका थिए । बलिङतर्फ राजबिराजका रिजन ढकाल २ बिकेट तथा श्रवण यादब र जितेन्द्र यादबले १/१ बिकेट लिएका थिए । खेलको प्लेयर अफ द म्याच गुणान्नद राय घोषित भएका थिए भने गेम चेन्जर विशाल पटेल भए ।

यस्तै आइतबारै सम्पन्न दोस्रो खेलमा कंचनरूपले २१ रनअन्तरले बलानबिहुललाई पराजित गरेको छ । कंचनरुपले दिएको १ सय ५३ रनको लक्ष्य बलानले निर्धारित २० ओभरमा ९ बिकेट गुमाएर १ सय ३२ रन मात्र बनाउन सकेको थियो ।

टस जितेर कंचनरूपले २० ओभरमा ६ बिकेट गुमाएर १ सय ५३ रनको योगफल खडा गरेको थियो । जसमा राशिद खानले ३९ रन बनाउदै अबिजित खेलका थिए । अर्का ब्याटर राहुल मण्डल ३७, राकेश कामैत २९ र महानन्द यादबले १९ रन बनाउदै अविजित रहे । बलिङतर्फ बलानका सन्तोष कार्कीले ५ बिकेट र सहाव आलमले १ बिकेट हात पारे ।

प्रतिउत्तरमा बलानले २० ओभरमा ९ बिकेट गुमाएर १ सय ३२ रन मात्र बनाउन सक्यो । जसमा बबु गोहित्याले ५८ रन तथा सन्तोष कार्किले १२ रन बनाएका थिए । बलिङतर्फ कंचनरूपका दिनेश अधिकारी ४, राहुल मण्डल ३ तथा चित्रबहादुर बिष्ट र अरनिको प्रसाद यादबले १/१ बिकेट लिएका थिए । खेलको प्लेयर अफ द म्याच राहुल मण्डल र गेम चेन्जर दिनेश अधिकारी घोषित भए ।

## *सिटिजन्स बैंकद्वारा ...*

उत्तरदायित्व कार्यक्रम अन्तर्गत ४६ अग्निपीडित परिवारलाई राहत स्वरुप बिभिन्न खाद्यन्न, लत्ताकपडा तथा त्रिपाल आइतबार बितरण गरेको शाखा प्रमुख राजकुमार यादवले जानकारी दिएका छन् ।

प्रत्येक परिवारलाई चामल एक बोरा, दाल ३ किलो, टमाटर २ किलो, प्याज २ किलो, खाने तेल १ लिटर, सोयाबिन २ प्याकेट, त्रिपाल एक थान, साडी र गम्छा एक/एक थान बितरण गरिएको छ । राहत बितरण कार्यक्रममा बैंकका प्रदेश प्रमुख नितेश खडगी, क्लस्टर प्रमुख प्रकाश नेपाल, राजविराज शाखाका शाखा प्रमुख राजकुमार यादब र शाखाका कर्मचारीहरु तथा टोलका समाजसेवी बुद्धिजीवीहरुको उपस्थिति रहेको थियो ।




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी





अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*